आज मिति २०७६ साल चैत ४ गते यस सत्यवती गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा तपशीलको उपस्थितिमा बसी तपशील बमोजिमका निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष- श्री पारिश्वर ढकाल

उपाध्यक्ष- श्री सुवर्ण शाही शेरचन

सदस्य- श्री भीमलाल पाण्डे

सदस्य- श्री दधिराम कुँवर क्षेत्री

सदस्य- श्री विष्णुप्रसाद भण्डारी

सदस्य- श्री ओमप्रकाश भण्डारी

सदस्य- श्री दानबहादुर राना

सदस्य- श्री लोक बहादुर बुढाथोकी

सदस्य- श्री सन्त कुमार थापा ____________

सदस्य- श्री हरिप्रसाद बि.क. ____________

सदस्य- श्री रुकबहादुर राना

सदस्य- श्री मिना दमाई ____________

सदस्य- श्री होमबहादुर भुजेल

सदस्य- श्री तेजकुमारी थापा

सदस्य- श्री मनमाया थापा

सदस्य- श्री नरमाया थापा राना

सचीव- श्री यादव भण्डारी

**बैठक संख्याः१७/२०७६-७७** **मितिः २०७६/१२/०४**

**प्रस्ताव नं.१ः** सुकुम्बासी र विपन्न बस्ती निर्माण गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.२ः** बजार पिचको लागि मापदण्ड तय गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.३ः** ढाँडको कुलो निर्माण गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.४ः** शिक्षक सरुवा सम्बन्धमा।

**प्रस्ताव नं.५ः** प्रस्तावना स्वीकृत गर्ने सम्बन्धमा।

**निर्णय नं.१ः** सत्यवती गाउँपालिकाका निम्ति प्रदेश सरकार, प्रदेश नं.५ बाट सुकुम्बासी तथा विपन्न बस्ती निर्माणका लागि विशेष अनुदान र मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम अन्तर्गत विनियोजित बजेट कार्यान्वयनको लागि विपन्न र सुकुम्बासीकोलागि एउटा वडामा कम्तिमा एउटा आवास पर्ने गरी आवास निर्माण गर्ने र यदि आवास निर्माण गर्नुभन्दा घरजग्गा खरिद गर्न उपयुक्त छ भन्ने ठहर गरेमा वडा समितिले निर्णय गरी सूचना प्रकाशन गरी खरिद गर्न सक्ने निर्णय गरियो।

**निर्णय नं.२ः**सत्यवती गाउँपालिका र प्रदेश सरकारसँगको समपुरक आयोजनामा सञ्चालित खैरेनी अरुङ्गाबजार कालोपत्रे सडक आयोजनाका लागि न्युनतम ५ मिटर सडक मापदण्ड तोक्ने निर्णय गरियो।

**निर्णय नं.३ः** सत्यवती गाउँपालिका वडा नं.५ मा अवस्थित ढाँडको कुलो मिति २०७७/०४/०७ गतेको पहिरोले क्षति पुर्याएको हुँदा विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी प्राविधिक स्टिमेट अनुसार उक्त कार्य अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं.४ः** सत्यवती गाउँपालिकाका विभिन्न विद्यालयमा अध्यापनरत तपशील बमोजिमका शिक्षकहरुले यस कार्यालयमा दिएको निवेदन अनुसार निजहरुलाई तपशीलबमोजिम सरुवा मिलान गर्ने निर्णय गरियो।

**<u>तपशील</u>**

| क्र.सं. | शिक्षकको नाम | हाल कार्यरत विद्यालय | सरुवा मिलान गरिने विद्यालय |
|---|---|---|---|
| १ | गीता भण्डारी | श्री गौरी शंकर आवि, सत्यवती-५, हँसरा | श्री ग्राम विकास आवि, |

| | | | |
|---|---|---|---|
| | | | सत्यवती-५, हँसरा |
| २ | जगत राना | श्री राम मा.वि., सत्यवती-१, अक्षेवा | श्री कालिका आ.वि., सत्यवती-५, हँसरा |
| ३ | सुवास चन्द्र पासी | श्री कालिका आ.वि., सत्यवती-५, हँसरा | श्री गौरीशंकर आ.वि., सत्यवती-५, हँसरा |

**निर्णय नं.५:**समाचार मिडिया प्रा.लि. को मिति २०७६/११/०५ गते सत्यवती गाउँपालिकाका पर्यटकीय ठाउँहरुको बारेमा रेडियो, टेलिभिजन, अनलाइन र युट्युब च्यानलको म्याध्यमबाट जानकारी गराउने उद्देश्यले गाउँपालिकामा पेश गरेको प्रस्तावनालाई स्वीकृत गर्ने निर्णय गरियो।